# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)**

निलकण्ठ-३, धादिङ्बेसी, धादिङ्, नेपाल, फोनः ०१०-५२०७६१, ५२०८७६ फ्याक्सः ०१०-५२०९०४
E-mail : info@nationalmicrofinance.com.np, Website: www.nationalmicrofinance.com.np

**को**

## बोनस शेयर हितग्राही खातामा जम्मा गरिएको तथा शेयर अभौतिकिकरण गर्ने बारेको जरुरी सूचना

यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०१/१५ मा सम्पन्न नवौं वार्षिक साधारण सभाबाट पारित भएको १५ प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि.मा सूचीकृत तथा दर्ता भई अभौतिक रुपमा कारोबार हुने व्यवस्था भईसकेको व्यहोरा जानकारी गराईन्छ ।

साथै मिति २०८०/०१/०३ गतेसम्म शेयर अभौतिकीकरण गराउनु भएका कम्पनीका शेयरधनी महानुभावहरुको बोनस शेयर सम्बन्धित हितग्राही खातामा जम्मा गरिएको व्यहोरा जानकारी गराउँदै, सो मिति पश्चात् शेयर अभौतिकीकरण गराउनु भएका शेयरधनीहरुको हकमा क्रमशः उक्त बोनस शेयर जम्मा हुने व्यवस्था गरिएको हुँदा हालसम्म पनि शेयर अभौतिकीकरण नगर्नु भएका शेयरधनीहरुले आफ्नो शेयर अभौतिकीकरण गराई आफ्नो बोनस शेयर समेत हितग्राही खातामा नै प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौ ।

***पुनश्च:*** मिति २०८०/०१/०३ गतेसम्म शेयर धितो बन्धक राखी कर्जा लिनु भएका शेयरधनीहरुको हकमा बोनस शेयर समेत कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको नाममा नै रोक्का जनाई शेयरधनीको हितग्राही खातामा जम्मा हुने हुँदा कर्जा राफसाफ भैसकेको भए सम्बन्धित बैंक तथा वित्तीय संस्थामा सम्पर्क गरी फुकुवा गर्नहुन शेयरधनी महानुभावहरुलाई तथा सो मिति पश्चात् रोक्का राखिएका शेयरधनीहरुको बोनस शेयर शेयरधनीको हितग्राही खातामा रोक्का नजनाई जम्मा हुने हुँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तहाँ शेयरधनीहरुको शेयर रोक्कामा रहे/नरहेको यकिन गरी रोक्कामा राख्नुपर्ने भए बोनस शेयर समेत रोक्कामा राख्ने तर्फ आवश्यक पहलकदमी गर्नहुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौ

***नोटः*** साविकको महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लिमिटेडलाई नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले मिति २०७८/०३/३० गते प्राप्ति गरे पश्चात् शेयर खरीद गर्नु भएका शेयरधनी महानुभावहरुले नवौं वार्षिक साधारण सभाबाट पारित भएको बोनश शेयरमा लाग्ने कर शेयरधनी स्वयंले व्यहोर्नु पर्ने भएको हुँदा उक्त रकम जम्मा गरी बोनश शेयर प्राप्त गर्न अनुरोध गर्दछौं । साथै, बोनश शेयर वापत बुझाउनु पर्ने कर, शेयरधनीहरुको विवरण यस कम्पनी लगायत कम्पनीको शाखा कार्यालयहरु तथा शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखी वा एनआईबिएल एस क्यापिटल लिमिटेडको Website: www.niblcapital.com बाट प्राप्त गर्न सकिने समेत अनुरोध गर्दछौ ।

**लाभांश कर वापतको रकम जम्मा गर्ने बैंकको विवरणः**

| | |
|---|---|
| **बैंकको नाम** : | **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।** |
| **खाता नं.** : | **03601040264266** |
| **खाताको नाम** : | **NIBL ACE CAPITAL LTD - NMFBS BONUS TAX** |

लाभांश कर वापतको रकम बैंकमा जम्मा गर्दा भौचरमा आफ्नो हितग्राही खाता नं., नाम तथा मोबाइल नम्बर समेत अनिवार्य रुपमा उल्लेख गर्नुहुन अनुरोध गर्दछौं ।

अन्य थप जानकारीका लागि यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of NIMB

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

मिति २०८०/०२/३१ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने